## शनिअर्जुन नगरपालिका कार्यालय, शनिश्चरे, झापाद्धारा ह्यूमपाइप खरीदका लागि सिलबन्दी दरभाउ आह्वान गरिएको सुचना ।

**प्रथम पटक प्रकाशित** २०७२/१२/२६

शनिअर्जुन नगरपालिकाका विभिन्न स्थानका लागि निम्न साइजका ह्यूमपाइपहरु आवश्यक भएकोले देहायका शर्तहरुको अधीनमा रही सम्बन्धित आपूर्तिकर्ताहरुबाट सिलबन्दी दरभाउ पत्र आह्वान गरिन्छ ।

**निम्न**

| क.स | विवरण | संख्या | क.स | विवरण | सख्या |
|---|---|---|---|---|---|
| क) | NP3 ९०सेमी डाया | ३ | ख) | NP3 ६० सेमी डाया | ३८ |
| ग) | NP3४५ सेमी डाया | ४८ | घ) | NP3 ३० सेमी डाया | १३ |
| जम्मा | | १०२ | | | |
| लागत अनुमान (ढुवानी समेत) रु.८,५८,३४५।०० (अक्षरेपी रु आठ लाख अन्ठाउन्न हजार तिर्न सय पैतालिस रुपैया मात्र भ्याट बाहेक ) | | | | | |

**शर्तहरु**

१. दरभाउ पत्र खरिद गर्न इच्छुक वोलपत्रदाताले अद्यावधिक नविकरण भएको इजाजत ( अनुमति) पत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र र आ.ब. २०७१।०७२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि दरभाउ पत्र दस्तुर वापत रु ३००।- (फिर्ता नहुने) बुझाई सुचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्रमा न.पा.मा सिलबन्दी दरभाउ पत्र दाखिला गर्नुपर्नेछ ।

२. कवोल गरेको अंकको (मू.अ.कर बाहेक) २.५ प्रतिशतले हुने रकम शनिअर्जुन नगरपालिकाको कृषि विकास बैंक, विर्तामोड, झापा स्थित धरौटी खाता नं. ०६००६०१०३८३३४०८२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त कृषि विकास बैंकहरुबाट यस कार्यालयको नाममा जारी भइ दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको बैक ग्यारेन्टी संलग्न राखि खाम बाहिर कार्यकारी अधिकृत, शनिअर्जुन नगरपालिका कार्यालय, शनिश्चरे, झापालाई सम्बोधन गरी ह्यूमपाइप खरिदका लागि सिलबन्दी दरभाउ पत्र उल्लेख गरी कार्यालयमा बुझाउनुपर्नेछ । कबोल रकम अंक र अक्षरमा दुवैमा उल्लेख गर्नुपर्नेछ । पर्न आएका दरभाउ पत्रहरु १६ औं दिनको २:०० बजे प्रस्तावदाता तथा कार्यालय प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट सोही समयमा खोलिनेछ । दरभाउपत्र दाताका प्रतिनिधिहरु उपस्थित नभएपनि दरभाउ पत्र खोल्न वाधा पर्ने छैन ।

३. दाखिला भएका दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार न.पा.मा सुरक्षित रहनेछ ।

४. शर्त राखी, म्याद नाघी, रीत नपुगी आएका दरभाउपत्रलाई मान्यता दिइने छैन ।

५. आपूर्तिकर्ताले ह्यूमपाइप शनिअर्जुन न.पा.का आवश्यक स्थानमा उपलब्ध गराउनुपर्नेछ ।

६. माथि उल्लेख भएदेखि बाहेकका विषयमा प्रचलित कानुन र न.पा.को निर्णयानुसार हुनेछ ।

७. दरभाउ पत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुल्ने पहिलो दिनमा उक्त कार्यहरु गर्न सकिनेछ ।

८. यस सम्बन्धी थप कुरा बुझ्नुपर्ने भएमा न.पा.को सम्पर्क न. ०२३४६६५०२ गर्न सकिने छ ।

शनिअर्जुन नगरपालिका कार्यालय

शनिश्चरे, झापा